(२) एकभन्दा बढी जिल्ला भएर सञ्चालन हुने सवारी साधनको भाडा सम्बन्धित विभागले तोके बमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिम तोकिएको भाडा सम्बन्धित जिल्ला पञ्चायतको र उपनियम (२) बमोजिम तोकिएको भाडा विभागको स्वीकृति नलिई बृद्धि गर्न पाउनेछैन ।"

आज्ञाले,
मुक्तिप्रसाद काफ्ले
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

श्री ५ को सरकारले धाराको महसुल (असूल उपर गर्ने) नियमावली, २०३२ को नियम ११ ले दिएको अधिकार प्रयोग गरी कलैया खानेपानी आयोजनाबाट मिति २०४१ वैशाख १ गतेदेखि २०४२ आषाढ मसान्तसम्म खानेपानीको वितरण कारणवश हुन नसकेकोले सो अवधिको लागि उठाई आएको खानेपानीको महसुल छूट दिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
मधुसूदन ढकाल
श्री ५ को सरकारको सचिव

## निर्वाचन आयोगको सूचना

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा २७ को उप-दफा (३) को प्रयोजनको लागि तनहुँ जिल्लाको रिक्त राष्ट्रिय पञ्चायत सदस्य पदपूर्तिको निमित्त भएको उप-निर्वाचनमा श्री श्रीभद्र शर्मा खनाल निर्वाचित हुनु भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
मुरलीप्रसाद उपाध्याय
सचिव
निर्वाचन आयोग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५६